बैठकसंख्या- ७५

मिति: २०७९।०३।०८

**प्रस्तावहरु:**

१. आ.व. ०७९/८० को बजेट तथा कार्यक्रम र बिनियोजन बिधेयक सम्बन्धमा।

२. नगर शिक्षा ऐन २०७५ को प्रतिस्थापन बिधेयक सम्बन्धमा।

३. समितिहरुको गठन सम्बन्धमा।

४. विविध।

**निर्णयहरु:**

**निर्णय नं. १-** पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम र बिनियोजन बिधेयक माथि छलफल गरि नगर सभामा प्रस्तुत गर्न स्विकृति प्रदान गर्ने।

**निर्णय नं. २-** नगर शिक्षा ऐन २०७५ मा भएका केही संघीय शिक्षा ऐन संग बाझीएका विषयहरु मिलाउन र सुधार गर्नुपर्ने विषयहरु समावेश गरि तयार गरिएको प्रतिस्थापन बिधेयक माथि छलफल गरि नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

**निर्णय नं. ३-** नेपालको संविधान र प्रचलित कानून बमोजिम काम, कर्तव्य र अधिकार रहने गरि नगर सभाबाट गठन हुने समितिहरुमा देहाय बमोजिम गठन हुनेगरी नगर सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

क. न्यायिक समिति सदस्यमा श्री कमला गुरुङ (वडा नं. ५ सदस्य) र श्री सुरेन्द्र केसी (वडा नं. ४ सदस्य) लाई मनोनयन गर्ने।

ख. विधायन समितिको संयोजक- अनिता रुचाल (कार्यपालिका सदस्य) र सदस्यहरुमा हितलर पौडेल (वडा नं. १ सदस्य) र लिलावती पौडेल (वडा नं. ४ सदस्य) लाई मनोनयन गर्ने।

ग. सुशासन समितिको संयोजक- संजिता नेपाल अर्याल (कार्यपालिका सदस्य) र सदस्यहरुमा रविना विश्वकर्मा (वडा नं. ५ सदस्य) र अमिर बक्स मिया (वडा नं.३ सदस्य) लाई मनोनयन गर्ने।

घ. लेखा समितिको संयोजक- सन्तोश रेग्मी (वडा नं. ५ सदस्य) र सदस्यहरुमा विष्णु बहादुर पराजुली (वडा नं. ११ सदस्य) र यसोदा पौडेल अर्याल (कार्यपालिका सदस्य) लाई मनोनयन गर्ने।

**निर्णय नं. ४-** नगरपालिकाको कार्यसञ्चालनको सिलसिलामा नगर कार्यपालिका, राजस्व परामर्श समिति र नगर प्रमुखबाट निर्णय भै भए गरेका कामहरुको अनुमोदनका लागि नगर सभामा पेश गर्न स्वीकृति दिने।

सदर

२०७९।३।८

०३।०८

CamScanner